# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मंसीर १९ गते २०४० साल

### श्री ५ को सरकार
### वाणिज्य मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले मिति २०४०।७।१४ को निर्णयानुसार निकासी व्यापारलाई प्रोत्साहन दिन हाललाई तात्कालिक रूपमा समुद्रपार निकासी व्यापारमा देहाय अनुसारको नगद अनुदान दिने व्यवस्था गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) नेपालबाट भारत बाहेक अन्य देशमा निर्यात हुने वस्तुहरूमा छाला तथा छालाबाट निर्मित सामानहरूको निकासीमा हाल भइरहेको नगद अनुदानको व्यवस्था यथावत राखी अन्य वस्तुहरूको निकासीमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल वा वैदेशिक हुलाक वा सिमाना भन्सार एफ.ओ.बी. मूल्यको १० (दश) प्रतिशत नगद अनुदान दिइनेछ।

(ख) बढि प्रशोधित वस्तुको उत्पादन र निकासी व्यापारलाई प्रोत्साहित गर्ने श्री ५ को सरकारको नीति अनुरूप नेपालमा उत्पादित औद्योगिक उत्पादनहरू समुद्रपार बजारमा निर्यात गरेमा उपरोक्त खण्ड (क) बमोजिमको सुविधाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०५

अतिरिक्त सम्बन्धित औद्योगिक प्रतिष्ठानहरूबाट उत्पादित वस्तुहरू समुद्रपार निर्यात गरेमा आफ्नो उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थहरू र पूँजीगत सामान पैठारी गर्न कुल निकासीबाट आर्जन गरेको रकमको १५ (पन्ध्र) प्रतिशतसम्मको आयात गर्न सुविधा प्रदान गरिनेछ तर उक्त १५ प्रतिशत र उद्योगको लागि आवश्यक कच्चा पदार्थ र पूँजीगत सामान पैठारी गर्न दिइने सुविधा हस्तान्तरण गर्न पाइनेछैन ।

(ग) उपरोक्त खण्ड (क) र (ख) बमोजिमको निकासी प्रोत्साहन सम्बन्धी व्यवस्था तुरून्त लागू हुनेछ र यो व्यवस्थालाई २०४१ साल आषाढ मसान्तसम्म कायम राखी पुनरावलोकन गरिनेछ र श्री ५ को सरकारले उपलब्ध गराउने उपरोक्त नगद अनुदान तथा आयात सुविधा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकता अनुसार हेरफेर गर्न सकिनेछ ।

(घ) नेपाल राष्ट्र बैङ्कमा निकासी नगद अनुदानको लागि निर्यात विकास कोषको स्थापना भैसकेकोले प्रत्यक्ष अनुदान दिने कार्यविधि पनि नेपाल राष्ट्र बैङ्कबाट लागू हुने व्यवस्था गरिएको छ ।

आज्ञाले,

दामोदरप्रसाद गौतम

श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०६८